जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः १०८ पृष्ठः ४ | २०८१ भदौ ०५ गते बुधबार (Wednesday 21 Aug. 2024) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

सन्दर्भ : कमला नदीमा पुल निर्माण

## मुख्यमन्त्री कार्यालय अगाडि इन्जिनियर र जनप्रतिनिधिसहित १० जना अनसनमा




जनकपुर, ४ भदौ। धनुषा र सिरहा जोड्ने कमला नदीमा नयाँ पुल निर्माण गर्न माग गर्दै कर्मचारी, जनप्रतिनिधि एवं अभियन्ताहरू प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अगाडि आमरण अनसनमा बसेका छन्। सिरहा नगरपालिकाका इन्जिनियर प्रविणकुमार यादवको नेतृत्वमा सिरहा नगरपालिका र औरही गाउँपालिकाका १० जना स्थानीय तथा जनप्रतिनिधिहरू आमरण अनसनमा बसेका हुन्। बाढीले भत्काएको निर्माणाधीन पुलमा धेरै प्राविधिक त्रूटी रहेको र उक्त पुलमा मुद्दा समेत चलिरहेको हुँदा प्रदेश सरकारसँग नयाँ पुल निर्माणको माग राखेका छन्।

गत असार २७ गते इन्जिनियर यादवसहितका समूहले मुख्यमन्त्रीलाई ७ दिने अल्टिमेटम दिएर ज्ञापनपत्र बुझाएको थियो। उक्त ज्ञापनपत्रप्रति सरकारले चासो नदिएपछि अनसनमा बसेको उनको भनाइ छ। आठौं दिन बित्नलाग्दा समेत कुनै पहल नभएपछि आफुहरू बाध्य भएर अनसनमा बसेको इन्जिनियर यादव बताउँछन्। 'प्रदेश सरकार हुँदा पनि बारम्बार केन्द्र सरकारमै जानु परे प्रदेश सरकारको के काम? के स्थानीय सरकारको काम कल गाड्ने र मन्दिर बनाउने हो?,' उनको प्रश्न छ, 'गत वर्ष १४ अर्ब रकम फ्रिज भयो। सो रकममा कमला नदिमा १४ वटा पुल बन्थ्यो। एउटा पुलले २० लाख मानिस प्रभावित छ।'

यस्तै, चालु आर्थिक वर्षमा सरकारले कम्तिमा ३० देखि ३५ करोड रुपैयाँ बजेट पुल निर्माणका लागि छुट्याएर काम अगाडि नबढाएसम्म अनसन जारी राख्ने उनीहरूको भनाइ छ। 'नयाँ पुल निर्माण एक हप्तामै नहुने कुरा हामीलाई थाहा छ,' उनले भने, 'तर सरकारले जसरी भए पनि कमला पुलका लागि बजेट विनियोजन गरेपछि मात्रै अनसन तोड्छौं। तर सरकारले जसरी भएपनि काम अगाडि बढाउनुपर्छ।' त्यस्तै, पुल निर्माणमा एक अर्ब हाराहारी खर्च हुने बताउँदै यो वर्ष काम सुरू गरेपनि डिपिआर तयार गर्न नै समय लाग्ने उनको भनाइ छ। त्यसैले ठेक्का लगाउँदा माघ फागुन जाने र काम अर्को वर्षको वैशाख र जेठ महिनामा नै हुने उनको अनुमान छ।

भत्केको पुल निर्माण बनाउँदा १५ करोड रुपैयाँ लाग्ने

-बाँकी तीन पेजमा

## गाली गलौज र धम्की दिएको घटनाप्रति पत्रकार महासंघ मधेश प्रदेशको गम्भिर ध्यानाकर्षण

सिरहा, ४ भदौ। समाचार लेखेको विषयलाई लिएर धनगढीमाई नगरपालिकाका मेयर शिवशंकर महताले नेपाल पत्रकार महासंघ सिरहाका सदस्य तथा सञ्चारकर्मी मुकेश कुमार यादवलाई गाली गलौजगरी आक्रमण गर्ने धम्की दिएको घटनाप्रति नेपाल पत्रकार महासंघ मधेश प्रदेशको गम्भिर ध्यानाकर्षण भएको छ। समाचारको विषयमा चित्त नबुझे उपचार खोज्ने विभिन्न विनकायहरु हुँदाहुँदै पनि गालीगलौज गरी धम्की दिई मानसिक पीडा दिएको घटनाप्रति महासंघको ध्यानकर्षण भएको हो।

'यस्तो घटना प्रेस स्वतन्तता र अभिव्यक्ति स्वतन्त्रताको विरुद्ध रहेको हाम्रो ठहर छ। तसर्थ यस प्रकारको

-बाँकी अन्तिम पेजमा



सञ्चारकर्मी **मुकेश कुमार यादव**

## वारी बस्ती, पारी खेत

**जीवछ यादव**



लहान, ४ भदौ। मधेशको जीवनरेखा भनिएर चिनिएको हुलाकी सडकमा पर्ने कमला नदीको पुल भासिएको तीन वर्षभन्दा बढी भएको छ। पुल निर्माण सम्पन्न भएर उद्घाटन हुने तिथि तोकिने समयमा पुल भासिएपछि स्थानीयले देखेका सुन्दर सपना चकनाचुर भयो। कमला नदीको वारि सिरहामा पूर्वतिर बस्ने बस्ती र पारि पश्चिम धनुषा जिल्लामा खेत रहेका किसानका व्यथा पीडादायी छ। कमला पुलमा जोडिएको बाँसबाट आवतजावत गरेर गाईबस्तुका लागि घाँस ल्याउने गरेका महिला पुरुषको दैनिकी कष्टकर छ।

सिरहा-६, बसबिटाका ५० वर्षीय धर्मकुमार यादव छोराबुहारीसहित कमला पुल भासिएको ठाउँमा बाँस जोडिएर बनाएको सिँढीबाट भर्खरै ओर्लिए। उनले भने, "क्यामरा लिएर पत्रकार पुलको तस्बिर लिन आइपुग्दा आशा जाग्छ। हाम्रो जीवन त मर्नु न बाँच्नु भएको छ। चार बिघा जमिन कमला नदीको पारि धनुषा कमला नगरपालिकामा पर्छ। बस्ने घर मात्रै वारि सिराहा नगरपालिकामा छ। गाईवस्तुका लागि घाँस र खेतीपातीको कामका लागि पारि जानै पर्छ। असारदेखि असोजसम्म बाढीले खोला तर्न सक्दैनौं।"

यस्तै पीडा छ, रामकुमारी यादवको पनि। उनले भने, 'पुलमा जोडिएको बाँसको सिँढी प्रयोग गरेर ओहोरदोहोर गर्दा कुनै दिन बाँसबाट लडैं भने के होला भनेर सोच्दा मर्नु न बाँच्नु जस्तै भएको छ।' यो पीडा बसबिटा गाउँका अधिकांश किसानको हो। धनुषा जिल्लाको कमला नगरपालिका-४, सगराहा स्थायी बसोबास भएका ५५ वर्षीय शत्रुघ्न यादवले भने, "शनिबारबाहेक सिरहामा रहेको सहरी विकासमा मिस्त्रीको काम गर्न दिनहुँ साइकलसहित पुलमा जोडिएको बाँसको सिँढी चढेर ओर्लिने र झर्ने गर्दा कुनै दिन खुट्टा चिप्लियो भने बाढीमा बग्नुबाहेक अर्को कुनै विकल्प छैन। गुजारा गर्न वर्षाको बेला पनि ओहोरदोहोर गर्ने नियति नै बनेको छ।"

धनुषा कमला नगरपालिका-१३ का ४० वर्षीय श्रीराम साहले एक हप्तामा तीन दिन सिरहा बजारमा हातमा लगाउने चुरा र

-बाँकी अन्तिम पेजमा




GUPTA BROTHER'S AUTO TRADE
MIRCHAIYA, 9815732999, 9805973429, 033-550585

MA DHAMINI AUTO CONCERN
GOLBAZAR, 9801591693

SNEHA AUTO ZONE
SIRAHA-7, THANA CHOWK, 033-520255, 9801552815

## स्वच्छ समाजको निर्माणमा सहभागी बनौं

- सम्भव भएसम्म विद्युतीय चुलो प्रयोग गर्ने प्रोत्साहन गरौं,
- प्लाष्टिकजन्य सामग्रीको प्रयोगलाई निरुत्साहित गरौं,
- वन क्षेत्रको अतिक्रमण र डढेलो नियन्त्रण गरौं,
- हिमताल, जलाधार, सीमसार तथा पानीका स्रोतहरुको संरक्षण गरौं,
- नदी र खानीजन्य स्रोतको तथा पानीका स्रोतहरुको संरक्षण गरौं,
- भिरालो वा तटीय जमिन सुरक्षित गर्न बायो-इन्जिनियरिङ प्रविधिको प्रयोग गरौं,

**पारिस्थितिक प्रणाली (Ecosystem) को संरक्षण गरौं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## आत्महत्यामा कहालीलाग्दो वृद्धि

नेपाल प्रहरीको अभिलेखअनुसार गत आर्थिक वर्ष नेपालमा ७ हजार २२३ जना अर्थात् दिनहुँ २० जनाले आत्महत्या गरे। कुनै रोगले यति जनाको ज्यान लिएको भए निकै हल्लाखल्ला हुन्थ्यो होला। सके त त्यसलाई महामारी घोषणा गरेर उपचारका लागि विशेष अभियान पनि चलाइन्थ्यो। तर, आत्महत्याको यो कहालीलाग्दो अवस्थाप्रति नेपाल सरकार भने अचम्मसँग उदासीन देखिएको छ। कोरोनाकालमा दुनियाँभर जस्तै नेपालमा पनि आत्महत्याको घटना बढेको थियो। संसारमा त्यसपछिका वर्षहरूमा आत्महत्याको घटना जनसंख्याका अनुपातमा कम हुँदै गए पनि नेपालमा भने लगातार बढ्दै गएको छ। विश्वमा सन् २०२१ मा प्रतिलाख जनसंख्यामा ९.१ जनाको मृत्यु आत्महत्याबाट भएको थियो। नेपालमा भने अहिले त्यो अनुपात करिब २७ जना हुन्छ। अर्थात्, नेपाल धेरै आत्महत्या हुने मुलुकको सूचीमा पर्छ।

यसैले नेपालको स्वास्थ्य सेवामा भएको प्रगति र उपलब्धिलाई आत्महत्यामा भएको वृद्धिले चुनौती दिएको देखिन्छ। आत्महत्या मानसिक स्वास्थ्य समस्यामात्र होइन। आत्महत्या दर कम गर्न बहुआयामिक र बहुपक्षीय प्रयत्न गरिनुपर्छ। तर, मानसिक स्वास्थ्य सेवामा जनसाधारणको पहुँच बढाउनु सम्भवतः आत्महत्या नियन्त्रणको पहिलो उपाय हो। नेपालमा भने मानसिक स्वास्थ्य उपेक्षित रहिआएको छ। आत्महत्या यस्तो अपराध हो जुन असफल भयो भने सजाय हुन्छ। समाजमा लज्जास्पद मानिने हुनाले आत्महत्याका घटना प्रायः दबाइन्छ। भाग्यवादी नेपाली समाजमा कतिपयले आत्महत्यालाई टार्न निसकिने नियति पनि मान्ने गर्छन्। यी वयस्कहरूको आत्महत्यामा प्रमुख कारण आर्थिक हुनेगर्छ। सबै कारणले आत्महत्यालाई जटिल सामाजिक समस्या पनि बनाएको छ।

यसरी आर्थिक, सामाजिक, मानसिक अर्थात् बहुपक्षीय जटिल समस्या हुनाले आत्महत्याका घटना कम गर्न पनि बहुआयामिक अवधारणा नै अपनाउनुपर्छ। जनतामा चेतना जगाउनेदेखि मनोसामाजिक विमर्श सेवा जनस्तरसम्म पुऱ्याउनेसम्मका उपायहरू राज्यका सबै तह र निकाय मिलेर सञ्चालन गरेमात्र आत्महत्याका घटना कम गर्न सफलता मिल्न सक्छ। यस्तै, साना बालबालिकादेखि बूढापाकासम्म सबैले मनको बह पोख्ने ठाउँ पाए भने पनि मानसिक सन्तुष्टि पाउन सक्छन्। यसैले राज्य र समाजले आत्महत्याप्रतिको उदासीनता त्यागेर मानसिक स्वास्थ्य र मनोविमर्शमा जनसाधारणको पहुँच बढाउन प्राथमिकता दिएमात्र आत्महत्याको कहालीलाग्दो वृद्धि रोकिनेछ।






### महामन्त्रीद्वयको प्रस्तावले तरंग

# देउवासँग वारपारको मुडमा गगन–विश्वप्रकाश

**रोमन आचार्य**

काठमाडौँ, ४ भदौ। महामन्त्रीद्वय गगन थापा र विश्व प्रकाश शर्माको प्रस्तावले नेपाली कांग्रेसको आन्तरिक राजनीति तरङ्गित छ। गगनको चुनावी गठबन्धन गर्न नहुने र शर्माको प्रधानमन्त्री, मन्त्री तथा सांसद कति पटक हुने भन्ने सीमा तय गर्नुपर्नेबारेको प्रस्तावलाई पार्टी सभापति शेरबहादुर देउवा समूहले 'काउन्टर' गर्न थालेपछि पार्टीको केन्द्रीय कार्यसमितिको बैठक ११ दिन रोकिएको छ। साउन २८ गते बसेर स्थगित भएको कांग्रेस बैठक भदौ ७ गते बस्दैछ। बैठक सार्न पर्नुको पछाडि महामन्त्रीको प्रस्ताव तुहाउने पार्टी सभापति शेरबहादुर देउवा खेमाको रणनीति भएको बताइन्छ। त्यसो त साउन २५ को बैठकमा पराराष्ट्रमन्त्रीसमेत रहकी केन्द्रीय सदस्य आरजु राणा नै शर्माको प्रस्तावको विपक्षमा उभिइन्। पार्टीका तर्फबाट प्रधानमन्त्री बन्ने कुरा एक वा दुई पटकमात्र भनेर तोक्न नहुने भन्दै उनले अनुभवलाई आधार बनाउनुपर्ने तर्क अघि सारिन्।

'प्रधानमन्त्री कति पटक बन्न पाउने भन्ने विषयमा कुनै प्रावधान पार्टीको विधानमा नै राख्नुपर्छ भन्ने मलाई लाग्दैन, यो त अनुभव, काम तथा उसको प्रभावकारिताका आधारमा हुने हो' बैठकमा राणाले भनेकी थिइन्। उनको भनाइको सोझो अर्थ पार्टी सभापतिलाई फेरि प्रधानमन्त्री हुनबाट रोक्न हुँदैन भन्ने नै हो। यही पृष्ठभूमिमा अहिले महामन्त्री शर्माको 'एक पटक राष्ट्रपति, दुई पटक प्रधानमन्त्री, तीन पटक मन्त्री र चार पटक भन्दा बढी सांसद बन्न नपाउने भन्ने प्रावधान पार्टी विधानमै संहिताकृत गर्नुपर्ने' प्रस्ताव बैठकले पारित गर्ला त भन्ने चासो कांग्रेसजनमा देखिन्छ। किनकि पार्टी संरचनामा देउवालाई तत्काल कमजोर बनाउन सम्भव नभएको कतिपयको दाबी छ।

अर्का महामन्त्री थापाको आगामी चुनावमा जनताले रूखमा भोट हाल्न पाउने अवस्था निर्माण गर्ने प्रस्तावमा पनि संस्थापन पक्षले 'काउन्टर' गरिरहेको छ। देउवा समूहका नेताहरू विमलेन्द्र निधि प्रवक्ता प्रकाश शरण महत एनपी साउद रमेश लेखक ज्ञानेन्द्र बहादुर कार्की लगायतका नेताहरू नै दुवै महामन्त्रीको प्रस्तावको विपक्षमा उत्रिएका छन्। उनीहरूको प्रस्ताव परिमार्जनको कसरत गर्न केन्द्रीय समिति बैठक ११ दिनसम्म सारिएको बुझाइ पार्टीका एक पदाधिकारीको छ। त्यसका लागि यसबिचमा सहमति जुटाएर महामन्त्रीद्वयलाई प्रस्ताव परिमार्जन गर्न लगाउने रणनीति देउवा समूहको छ। 'सम्भवतः यही भदौ ६ गते पदाधिकारी बैठक राखेर सभापति देउवाले सहमतिको प्रयास गर्नुहुनेछ' देउवा निकट एक नेताले भने।

अहिले सतहमा देखिएको विवाद २०८० फागुनमा ललितपुरको गोदावरीमा सम्पन्न महासमिति बैठकदेखिकै हो। महासमितिले ठोस निर्णय लिन नसक्दा समस्या झन् गुजुल्टिँदै केन्द्रीय समितिमा फर्किएको हो। महासमिति बैठकमा उठेका विषयलाई समेटेर परिमार्जन सहित प्रतिवेदनहरु केन्द्रीय समितिबाट पारित गर्ने भनिए पनि पाँच महिनासम्म सहमति जुट्न सकेन। यही कारण महासमिति बैठकमा प्रस्तुत उपसभापति पूर्णबहादुर खड्काको नीति प्रस्ताव, महामन्त्री थापाको सांगठनिक र महामन्त्री शर्माको समसामयिक राजनीति प्रस्तावहरूले अहिलेसम्म आधिकारिकता पाउन सकेका छैनन्।

**गल्लान् त गगन र विश्व ?**

सभापति देउवा पक्ष दुवै महामन्त्रीलाई गलाएर आफू अनुकूल हुनेगरी प्रस्ताव परिमार्जन गराउन चाहान्छन्। उनीहरू नगलेकैले केन्द्रीय समिति लामो समय स्थगित गरिएको केही नेताको बुझाइ छ। अझै दुवै महामन्त्री टसमस नहुने जिकिर गरिरहेका छन्। थापा निकट एक नेता भन्छन्, 'महामन्त्रीको प्रश्नमै रूखमा भोट हाल्ने वातावरण नहुने हो भने कांग्रेसले राजनीति नै किन गरिरहेको छ भन्ने प्रश्नसँग जोडिन्छ।' थापा निकट नेताहरूले अहिले नै गठबन्धन हुन्छ भन्ने सन्देश ६ हजार ७४३ वडामै गए त्यसको क्षति कसरी पूर्ति हुन्छ भन्ने तर्क गरिरहेका छन्। 'कांग्रेसले रूख चिह्नबाट चुनाव जितेर एकल सरकार बनाउने भन्दै जनतामा नगए के हँसिया हथौडामा निर्वाचन लड्छौँ भन्दै जाने हो ?' गगन निकट एक नेताको प्रश्न छ।

प्रस्तावको पक्ष र विपक्षमा केन्द्रीय समितिमा मतदान भए पनि महामन्त्रीहरू पछि नहट्ने उनीहरू निकटस्थहरूको दाबी छ। केन्द्रीय सदस्य प्रकाश स्नेही रसाइली दुवै प्रतिवेदन नयाँ पुस्ता र भावी कांग्रेस तथा देशको हितमा रहेको ठान्छन्। 'उहाँहरूको प्रतिवेदन कांग्रेसको बृहत्तर हित र नयाँ पुस्ता र भावी कांग्रेस तथा देशका लागि राजनीतिक निकास र पार्टीको निकास पनि हो। दुवै प्रतिवेदन पारित गरेर जानु पर्छ ' स्नेहीले भने।

**देउवा मौन, समूह आक्रामक**

दुवै महामन्त्रीको प्रस्तावमा देउवाले अहिलेसम्म कुनै औपचारिक प्रतिक्रिया दिएका छैनन्। बरु देउवा एमालेसँगको गठबन्धन टिकाउनुपर्छ भन्नेमा सचेत देखिन्छन्। तर देउवा निकट नेताहरू दुवै प्रस्तावको विपक्षमा खुलेका छन्। सभापति देउवानिकट एक नेताका अनुसार, महासमिति बैठकमा आएका प्रस्तावले माओवादीसँगको गठबन्धन टुटेको देउवाले बिर्सेका छैनन्। तर, 'प्रिइलेक्सन अलाइन्स' हुन्न भन्दा एमालेलाई खुसी बनाउन सकिने देउवाको बुझाइ रहेको बताइन्छ। 'कांग्रेस र एमाले मिलेर चुनाव लड्ने भनेको होइन होला। चुनावी गठबन्धन भए माओवादीसँगै हुने होला। यदि गठबन्धन हुन्छ भन्ने हो भने एमालेसँग फेरि सभापतिको दुरी बढ्ने एउटा कारण बन्न सक्ला' एक पदाधिकारीको तर्क छ।

दलहरूमा रूपान्तरण र पुस्तान्तरणको विषय पेचिलो बन्दै आएको छ। तर गठबन्धन नगर्ने भन्दा चुनाव जित्न नसक्ने भय खासगरी कांग्रेसका पाका नेताहरूमा देखिन्छ। विधानमै लेखेर गठबन्धन नगर्ने भनियो भने राजनीतिक भविष्य के होला भन्ने चिन्ता नेताहरूमा देखिन्छ। तर, पटक पटक पद र शक्तिमा पुगेका नेताहरूलाई अब नीति नियम र विधानले बाँध्नुपर्ने आवाज पार्टीभित्र बलियो छ। यो पृष्ठभूमिमा महामन्त्रीद्वयको प्रस्ताव आएको हुन सक्ने बुझाइ नेताहरूमा देखिन्छ।

**प्रतिवेदन परिमार्जन संस्थापनको चाहना**

दुवै महामन्त्रीको प्रतिवेदन अनुमोदन गर्ने/नगर्ने भन्ने निर्णायक भूमिका सभापति देउवामा रहन्छ। देउवाले चाहे प्रस्ताव पारित हुन्छ अन्यथा हुँदैन। मतदानमै लगे पनि सहज बहुमत देउवाकै छ। कांग्रेसभित्रको सांगठनिक परिदृष्यले महामन्त्रीका प्रस्तावहरू पारित हुने सम्भावनातिर सङ्केत गर्दैन। पार्टी प्रचार विभाग प्रमुख मीन विश्वकर्मा महासमितिमा प्रस्तुत भएको प्रतिवेदनको सान्दर्भिकता नै बदलिएको ठान्छन्। यसले पनि महासमितिमा आएका महामन्त्रीका प्रस्तावहरू पारित हुने देखिँदैन। महामन्त्रीहरुले केन्द्रीय समिति बैठक अघि बसेको पदाधिकारी बैठकमा सहमति जुटाएर प्रस्ताव नल्याएकाले समस्या भएको उनको तर्क छ।

'विश्वप्रकाशजीको समसामयिक प्रस्तावमा विधानको विषय आउने हो कि होइन ? संविधान बदल्दा वा विधान परिवर्तन गर्दा आउनुपर्ने विषय हो भन्ने तर्क धेरै आएका छन्,' उनले भने। देउवा पक्षले महामन्त्रीहरूका प्रस्ताव महासमिति बैठकमै बहुसंख्यक सदस्यहरूले असान्दर्भिक भनेको विषय जोडतोडले उठाइरहेको छ। यही जगमा महामन्त्रीका प्रतिवेदन परिमार्जन हुनेमा संस्थापन पक्ष ढुक्कै देखिन्छ। 'उहाँहरूले ठिक लागेर प्रस्तुत गर्नुभएको हो। बदल्नुपर्छ भन्नेहरूले पनि ठिक लागेरै बदल्नुपर्छ भन्नुभएको हो। पदाधिकारी बसेर यो विषयमा सहमति जुटाउनु हुन्छ ' विश्वकर्माले भने, 'प्रतिवेदनको भावनाको कदर गर्दै भाषा मिलाएर अहिले नै हार्ड एण्ड फास्ट त्यस्तो विषय लेख्ने कि नलेख्ने भन्ने निष्कर्षमा पुग्छौं।' यद्यपि महामन्त्रीद्वय प्रस्तावमा टसमस नहुने मुडमा देखिन्छन्।

# ५ सय ३९ वटा पालिका पूर्ण विद्युतीकरण, मधेशमा शतप्रतिशत, कर्णालीमा ७४ प्रतिशत

काठमाडौं, ४ भदौ। सात सय ५३ वटा पालिकामध्ये पाँच सय ३९ वटा पालिका पूर्ण विद्युतीकरण भएका छन्। नेपाल विद्युत् प्राधिकरणका अनुसार पाँच सय ३९ वटा पालिका पूर्ण विद्युतीकरण भएका छन् भने एक सय ९६ वटामा आंशिक रूपमा विद्युतीकरण भएको छ। १८ वटा पालिकामा भने नेपाल विद्युत् प्राधिकरणले राष्ट्रिय प्रसारण विद्युत् पुऱ्याउन सकेको छैन। राष्ट्रिय प्रसारण ग्रिड नपुगे पनि १८ वटा पालिकाका बासिन्दाले लघुजलविद्युत् र सौर्य ऊर्जाबाट बिजुली उपभोग गरिरहेका प्राधिकरणको दाबी छ। प्राधिकरणले देशभरिका पालिकाका वडासम्मको विस्तृत अध्ययन गरी तयार पारेको विद्युतीकरण तथ्याङ्क २०८१ अनुसार कुल जनसंख्याको ९९ प्रतिशतमा बिजुली पुगेको छ। सामुदायिकसहित विद्युत्का ग्राहकको संख्या ५९ लाख ३५ हजार पुगेको छ।

सात वटा प्रदेशमध्ये मधेशमा शतप्रतिशत विद्युतीकरण भएको छ। कर्णाली प्रदेशमा सबैभन्दा कम अर्थात् ७४ दशमलव ३८ प्रतिशत मात्र विद्युतीकरण छ। ७७ वटा जिल्लामध्ये हुम्लामा अझै राष्ट्रिय प्रसारण ग्रिड पुग्न सकेको छैन। हुम्लामा लघुजलविद्युत, सौर्य ऊर्जा लगायतका बिजुली आपूर्ति भइरहेको छ। बिजुलीको पहुँच पुगेको जनसंख्यामध्ये ९७ प्रतिशत राष्ट्रिय ग्रिडबाट र दुई प्रतिशतले ग्रिडभन्दा बाहिर रहेका लघुजलविद्युत, सौर्य ऊर्जा लगायतबाट बिजुली उपभोग गरिरहेका छन्। पाँच सय ९० वटा पालिकामा ९५ देखि शतप्रतिशतसम्म विद्युतीकरण भएको छ। ७२ वटा पालिकामा ७५ देखि ९५ प्रतिशतसम्म, ३३ वटा पालिकामा ५० देखि ७५ प्रतिशतसम्म, २६ वटामा २५–५० प्रतिशतसम्म र ३२ वटा पालिकामा जम्मा २५ प्रतिशतसम्म विद्युतीकरण गरिएको छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले चालू आर्थिक वर्षभित्रमा सबै नेपालीको घरमा भरपर्दो र गुणस्तरीय बिजुली सेवा पुऱ्याउने नेपाल सरकारको घोषणालाई कार्यान्वयन गर्न सम्पूर्ण तयारी पूरा भई काम भइरहेको बताएको छ। 'आर्थिक वर्ष २०७२/७३ मा विद्युतीकरणको अवस्था ५८ प्रतिशत मात्र थियो, अहिले ९९ प्रतिशत पुग्नु यो अवधिमा हासिल भएको महत्वपूर्ण उपलब्धि हो, प्राधिकरण आफैं बिजुली नपुगेका घर खोज्दै विकट बस्तीबस्ती पुगिरहेको छ, बिजुली पुगेका ठाउँमा भरपर्दो र गुणस्तरीय बिजुली आपूर्तिका लागि प्रणाली सुधार तथा विस्तार र नपुगेका ठाउँमा बिजुली पुऱ्याउने कार्यलाई उच्च प्राथमिकता राखी काम गरिरहेका छौँ', कार्यकारी निर्देशक घिसिङले भने।

भौगोलिक रूपमा कठिन र विकट कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी तथा हिमाली जिल्लाका सबैको घरधुरीमा एक वर्षभित्रमा बिजुली पुऱ्याउने गरी काम भइरहेको प्राधिकरणको दाबी छ। प्राधिकरणले एशियाली पूर्वाधार लगानी बैंक (एआईआईबी) र युरोपेली लगानी बैंक (ईआईबी) बाट २२ करोड अमेरिकी डलर सहुलियतपूर्ण ऋण लिएर लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाहरूमा विद्युतीकरणका लागि निर्माण व्यवसायी छनोट गरी काम शुरू गरिसकेको छ। साथै सरकारको लगानी र प्राधिकरणले आफूले कमाएको नाफाबाट केही अंश छुट्याएर अन्य क्षेत्रमा बिजुली पहुँच विस्तार गर्न रकम जुटाइएको कार्यकारी निर्देशक घिसिङले उल्लेख गरे।

प्राधिकरणका वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक मनोज सिलवाल आंशिक विद्युतीकरण भएका र विद्युतीकरण हुन बाँकी पालिकामा बिजुली पुऱ्याउन अहिले भइरहेका कामको प्रगति राम्रो रहेको बताए। कोशी प्रदेशका १४ जिल्लामध्ये सोलुखुम्बु र संखुवासभाबाहेक अन्य जिल्लामा ९५ प्रतिशतभन्दा बढी विद्युतीकरण भएको छ। सोलुखुम्बुमा ८९ दशमलव ०४ र संखुवासभामा ९३ दशमलव ९९ प्रतिशत विद्युतीकरण भएको छ। झापा, मोरङ, सुनसरी र धनकुटामा शतप्रतिशत विद्युतीकरण गरिएको छ। मधेश प्रदेशका आठ वटा जिल्ला नै पूर्ण विद्युतीकरण भएका छन्।

बागमती प्रदेशका १३ वटा जिल्लामध्ये काठमाण्डौ, ललितपुर, भक्तपुर, रामेछाप, नुवाकोट र चितवनमा शतप्रतिशत विद्युतीकरण भएको छ। बाँकी जिल्लामा पनि ९५ प्रतिशतभन्दा बढी विद्युतीकरण गरिएको छ। गण्डकी प्रदेशका ११ वटा जिल्लामध्ये मनाङमा ८७ दशमलव ८१ प्रतिशत विद्युतीकरण भएको छ। तनहुँ, स्याङ्जा, पर्वत र कास्कीमा शतप्रतिशत विद्युतीकरण भएको छ भने बाँकी जिल्लामा ९५ प्रतिशतभन्दा बढी विद्युतीकरण गरिएको छ। लुम्बिनी प्रदेशका १२ वटा जिल्लामध्ये रुकुम पूर्वमा सबैभन्दा कम अर्थात् ३२ दशमलव २४ प्रतिशत र रोल्पामा ८५ प्रतिशत मात्र विद्युतीकरण भएको छ। नवलपरासी, रुपन्देही, कपिलवस्तु,

–बाँकी अन्तिम पेजमा

## धितोमा रहेको अचल सम्पत्ति बिक्रिको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको सूचना

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न शिर्षक अन्तर्गत लिएको कर्जा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र अन्य दै- दस्तुर समयमा नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएको तथा पटक–पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत कर्जा चुक्ता नगरेकोले उल्लेखित ऋणीहरुलाई पटक–पटक पत्राचार गरिएको, राष्ट्रिय दैनिक पत्रिका मार्फत कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना, प्रकाशित गरिएको र तिर्नु बुझाउनु पर्ने सावा र ब्याज आदि नतिर्ने केही ऋणीहरुको लिलामीको सूचना प्रकाशित गर्दा पनि कर्जाको सावा, ब्याज तथा हर्जाना ब्याज भुक्तान गर्ने तर्फ कुनै ध्यान नदिएकोले ऋणीहरुको धितो सुरक्षणमा रहेको तपसिल बमोजिमको सम्पति जहाॅ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा आजका मितिले १६ औं दिनमा यसै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएको हुदा इच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। धितो जमानत तथा व्यक्तिगत जमानत दिनुहुने महानुभावहरुलाई पनि धितो सुरक्षणमा रहेको अचल सम्पति लिलाम बिक्री गरिने बारे यसै सुचनाद्वारा जानकारी गराऊदछौ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि वित्तीय संस्थाको सम्पूर्ण लेना असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ तथा सोको नियमावली, २०५९ अनुसार ऋणी, व्यक्तिगत जमानीकर्ता तथा धितो जमानीकर्ताहरुको अन्य चल अचल सम्पतिहरुवाट धितोले नखामेको बक्यौता रकम असुल उपरका लागि ऋण असुली न्यायधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, ब्यक्तिगत जमानीकर्ता, धितो जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सुचनाद्वारा जानकारी गराइन्छ।

<table>
<tr><th>कर्जा न.</th><th>ऋणीहरुको विवरण</th><th>धितोको विवरण</th></tr>
<tr><td>१. कर्जा.न.००३०३२०००२९८३००००२(उद्योग)</td><td>धमिनि ईटा उधोग प्रो.श्री देव कुमार श्रेष्ठ<br>ठेगाना: जि. सिरहा, चन्द्रलालपुर–०१<br>हाल जि.सिरहा,गोलवजार न.पा.–०७<br>बाजेको नाम : श्री छत्र बहादुर श्रेष्ठ<br>बुवाको नाम : श्री हरि बहादुर श्रेष्ठ<br>धन जमानीकर्ता : राम बहादुर श्रेष्ठ<br>जि. सिरहा, चन्द्रलालपुर–०१<br>हाल.जि.सिरहा,गोलवजार–७<br>धन जमानीकर्ता : जितमाया श्रेष्ठ<br>जि. सिरहा, चन्द्रलालपुर–०१<br>हाल.जि.सिरहा,गोलवजार–७<br>धन जमानीकर्ता : श्याम कुमार श्रेष्ठ<br>जि. सिरहा, चन्द्रलालपुर–०१<br>हाल.जि.सिरहा,गोलवजार–७<br>अन्य परीवारका सदस्यहरु समेत<br>ब्यक्तिगत जमानीकर्ता : कृष्ण देबी श्रेष्ठ, सुमित श्रेष्ठ, सुनिता श्रेष्ठ,<br>जि. सिरहा, चन्द्रलालपुर–०१<br>हाल.जि.सिरहा, गोलवजार–७</td><td>जित माया श्रेष्ठ ,राम बहादुर श्रेष्ठ र श्याम कुमार श्रेष्ठ को नाउमा दर्ता कायम रहेको जि. सिरहा, चन्द्रअयोध्यापुर वार्ड नं.–१ ख को कि.नं. ४८३ को ०–६–१०–०, ऐ.ऐ वार्ड नं.–१ ख .कि नं. ४८६ को ०–३–२–०, ऐ.ऐ.वार्ड नं.–१ ख कि.नं. ४९२ को ०–१०–१२–०, ऐ.ऐ.वार्ड नं.–१ ख कि.नं. ५०२ को ०–२–४–० जग्गाहरु र श्याम कुमार श्रेष्ठ को नाउमा दर्ता रहेको जि. सिरहा, चन्द्रअयोध्यापुर वार्ड नं.–१ख, कि.नं. ३०० को ०–५–१–० जग्गाहरु र लिगलगा पात समेत।</td></tr>
<tr><td>२. कर्जा.न.००१०३१००००२९४८००००१ (व्यापार )</td><td>श्री शिवनाथ श्रेष्ठको नाति, मोतिलाल श्रेष्ठको छोरा र निरफ ट्रेड लिङ्क को प्रो. ज्ञान कुमार श्रेष्ठ<br>जि.सिरहा,चन्द्रलालपुर–२<br>जमानीकर्ता : मोति लाल श्रेष्ठ<br>जि.सिरहा,.,चन्द्रलालपुर–२</td><td>निज ऋणी को बुवा मोति लाल श्रेष्ठको नाउँमा दर्ता कायम रहेको जग्गा लिगलगा पात समेत।<table><tr><th>ग.वि.स./न.पा.</th><th>वडा नं. सिट नं.</th><th>कित्ता नं.</th><th>क्षेत्रफल</th></tr><tr><td>चन्द्रअयोध्यापुर</td><td>४</td><td>५२४</td><td>०–४–१८–०</td></tr><tr><td>चन्द्रअयोध्यापुर</td><td>४</td><td>५२८</td><td>१–०–५.७५–०</td></tr><tr><td>चन्द्रलालपुर</td><td>१</td><td>५४५</td><td>०–१२–१०–०</td></tr><tr><td>चन्द्रलालपुर</td><td>२</td><td>२७३</td><td>०–४–१५.५–०</td></tr></table></td></tr>
</table>

**शर्तहरु :**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यसै वित्तीय संस्थाको कार्यालयमा, कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र सादा कागजमा लेखी बोलपत्रवालाको सम्पुर्ण विवरण (नाम, ठेगाना) तथा हस्ताक्षर सहित खाम बन्दी गरी बाहिर "जग्गा खरीदको बोलपत्र " समेत स्पष्ट रुपमा लेख्नु पर्नेछ।
३. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको धितोमा रहेको सम्पति के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ र आफुले कबुल गरेको रकमको कम्तीमा १० (दश) प्रतिशतका दरले हुने रकम यस वित्तीय संस्थाको प्रभु बैंक लि., जनकपुर शाखाको हिसाव नं.०५३००२२००८०००१२ मा जम्मा गरेको बैंक भौचर निवेदन साथ पेश गर्नु पर्नेछ।
४. बोलपत्रवालाले छुट्टाछुट्टै कित्ताहरुको वा सम्पूर्ण कित्ताहरुको बोलपत्र पेश गर्न सकिनेछ।
५. यो सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको ३:०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
६. बोलपत्र बुझाउने अन्तिम दिन र बोलपत्र खोल्ने दिन वित्तीय संस्था विदा परेमा सोको भोलिपल्ट वित्तीय संस्था खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन पनि वित्तीय संस्था विदा परेमा सोको भोलिपल्ट वित्तीय संस्था खुलेको दिनमा बोलपत्र खोलिनेछ।
७. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरीने छैन।
८. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्र दाताले सोको सूचना पाएको ७ (सात) दिन भित्र बाूकी कबुल रकम वित्तीय संस्थामा जम्मा गर्नु पर्नेछ।अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ।
९. बोलपत्र आंशिक वा पुर्णरुपमा स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार वित्तीय संस्थामा सुरक्षित रहनेछ
१०. दाखिल खारेज गर्न अड्डामा लाग्ने दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
११. अन्य थप जानकारी आवश्यक भएमा वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्न सकिने छ।

**बोलपत्र खोल्ने मिति : २०८१ साल भाद्र २० गते बिहीबार का दिन दिउँसो ३:००बजे ।**

**जानकी फाइनान्स कम्पनी लि.**
**स्टेशन रोड – ०२, जनकपुरधाम, धनुषा,**
**सम्पर्क नं. ०४१–५९०५८७,८८**

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# सुनाइको समस्या भएका शिशुले बोल्न सक्दैनन्, कसरी पहिचान गर्ने ?



**जनक पाण्डेय**

शिशुले जे सुन्छ, त्यही बोल्छ। यति तपाईंको शिशुले सुन्न सक्दैन भने पछि गएर बोल्न पनि सक्दैन। यो समस्या सामान्य तथा आमाबुवा वा अभिभावकलाई शिशु दुई/तीन वर्षको भएपछि मात्र थाहा हुन्छ। साधारण जन्मेका शिशुमा पनि सुनाइ (श्रवण)को समस्या हुनसक्छ। तथ्यांकअनुसार उच्च जोखिममा भएका ५ प्रतिशत शिशुलाई नसामा समस्या हुँदा सुनाइमा ह्रास आउँछ। ५० प्रतिशत सुनाइको नसामा समस्या भई सुनाइ ह्रास भएका शिशुमा कुनै पनि जोखिमका कारकहरू भने देखिएका छैनन्। कानको सुनाइ २५ डिसेबलसम्म नर्मल हुन्छ। योभन्दा बढ्दै गएमा श्रवण क्षमता कम मानिन्छ। शिशु अवस्थामा समस्या सहजै पत्ता लगाउन सकिँदैन। त्यसैले शिशुको श्रवण जाँच आवश्यक हुन्छ।

**शिशुको श्रवण जाँच भनेको के हो ?**

शिशुको कानभित्र विभिन्न उपकरण, तार राखेर दुखाइ महसुस नगरेरै गरिने जाँचलाई शिशु सुनुवाइ स्वास्थ्य जाँच भनिन्छ। हाडनाताबाट जन्मिएका शिशु, शिशुको आमाबुवामध्ये कसैको बाल्यकालदेखि नै श्रवण समस्या वा वंशाणुगत समस्या भएमा, गर्भमा रहँदा आमालाई कुनै संक्रमण (टक्सो पलाज्मा, रुवेला, ठेउला, हर्पिस जुस्टर) जस्ता जटिल रोग लागेमा, ३७ हप्ता नपुगी जन्मेको शिशु (प्रिटम बेबी)मा सुनाइको समस्या देखिने जोखिम धेरै हुन्छ।

जन्मिंदा शिशुको तौल २.५ किलो ग्राम भन्दा कम भएमा, शिशुको टाउको वा अनुहार असामान्य भएमा, शिशु जन्मिने बित्तिकै नरोएमा, जन्मेपछि शिशुलाई कमलपित्त भएमा, यसका कारण रगत चढाउनु परेमा वा फोटो थेरापी दिनु परेमा, शिशुलाई मेनेन्जाइटिस, दादुरा, हाणे जस्ता रोग लागेमा, जन्मेपछि शिशुलाई सघन उपचार कक्षमा राखी उपचार गर्नु परेमा सुनाइको समस्या हुनसक्छ। माथि उल्लेखित समस्याका कारण शिशुको श्रवण क्षमतामा असर पुग्ने जोखिम हुन्छ। त्यसैले आ नो शिशुमा यस्ता खाले समस्या देखिएमा सामान्य रुपमा लिनु हुँदैन। नजिकैको स्वास्थ्य संस्था वा डाक्टरको परामर्श लिनुपर्छ। डाक्टरको परामर्श विना पनि कुनै औषधि चलाउनु हुँदैन। किनकि त्यसले शिशुमा थप असर गर्ने जोखिम रहन्छ।

**जाँच किन आवश्यक छ ?**

सुनाइको समस्या शिशु अवस्थामा नै पत्ता लगाउन सकेमा अन्य शिशु सरह नै बोल्न र सुन्न सक्ने बनाउन सकिन्छ। सानै उमेरमा कानको सुनाइ ठीक भएमा मात्रै बोल्ने क्षमताको पनि विकास राम्ररी हुने, स्मरण शक्ति बढ्ने हुँदा शिशुको सुनाइ स्वास्थ्य जाँच अति आवश्यक हुन्छ। शिशु मात्र नभएर अन्य व्यक्तिमा पनि तीन कारणले श्रवण समस्याको जोखिम रहन्छ। कानको बाहिरी र मध्ये भागमा संक्रमण आएमा हुने श्रवण ह्रास (कन्डक्टिभ हेयरिङ लस) जस्तो– जालीमा संक्रमण, जालीमा प्वाल, ढुसी पलाउँदा, अत्यधिक कानमा फोहोर वा कानेगुजी जम्मा हुनुलगायत कारणले श्रवण क्षमता ह्रास हुन्छ। भित्री कानको नसा सुक्दै गएमा पनि श्रवण क्षमतामा ह्रास आउँछ। यसलाई सेन्सोन्यूरल हेयरिङ लस भनिन्छ। बाहिरी, मध्य र भित्री कानमा समस्या आउँदा श्रवण क्षमतामा ह्रास देखिन्छ। यस्तो खाले समस्यालाई मिक्स्ड हेयरिङ लस भनिन्छ। यस्ता कुनै समस्या देखिए बेवास्ता गर्नु हुँदैन।

*मुख्यमन्त्री कार्यालय...*

भएकाले उक्त रकम इन्स्योरेन्स कम्पनी वा ठेकेदार कम्पनी कसले ब्यहोर्छ भन्ने विवाद छ। कमला पुल निर्माणको माग गर्दै रामरिझन यादव लगायतका अभियन्ता एवं युवाले विगत १० वर्षदेखि आवाज उठाउँदै आएका छन्। विभिन्न ठूला दलका नेताहरूका लागि कमला पुल चुनावी बहस मात्र भएको अनसनमा बसेकाको गुनासो छ। पुष्पकमल दाहाल 'प्रचण्ड', नारायणकाजी श्रेष्ठ, रवि लामिछाने, सीके राउत लगायतका नेता आएर सबैले यो असार मसान्तमा पुल बन्ने भनेता पनि कहिले बन्ने टुंगो नभएको उनीहरूको गुनासो छ। औरही गाउँपालिका–३ का वडाध्यक्ष जिवछ यादव, सिरहा नगरपालिकाका–४ का वडाध्यक्ष सम्साद आलम, औरही–४ का वडाध्यक्ष सुरेन्द्र यादव, सिरहा–६ का वडाध्यक्ष इन्द्रजित यादव, सिरहा पुस्तकालयका कार्यवाहक अध्यक्ष भोगेन्द्र साह, इन्जिनियर शिवशंकर यादव, शैलेश गोइत, हिन्दुसम्राट सेनाका मनिष कुमार यादव, सिरहा–८ का वडासदस्य रूपेश कुमार यादव आमरण अनसनमा बसेका छन्।

# नक्कली नेपाली नोटको ट्रान्जिट प्वाइन्ट बन्दै मधेशका जिल्ला

**वाहिद हदीस**

जनकपुर, ४ भदौ। मधेश प्रदेश नक्कली नेपाली नोटको ट्रान्जिट प्वाइन्ट बन्दै गएको छ। मधेशका सप्तरीदेखि पर्सासम्म ८ जिल्लामा पटक-पटक नेपाली र भारतीय नक्कली नोट बरामद हुने गरेको छ। नक्कली नेपाली नोट रौतहट, बारा र पर्सामा बढी बरामद भए पनि अन्य जिल्ला पनि त्यसबाट अछुतो छैनन्। मधेश प्रदेश प्रहरीको तथ्यांक अनुसार आर्थिक वर्ष २०८०/८१ मा प्रदेशका ८ वटै जिल्लामा झण्डै ३६ लाख नक्कली नेपाली नोट बरामद भएको छ। प्रहरीले ती जिल्लाबाट गत आर्थिक वर्षमा ३५ लाख ८६ हजार ३२० रुपैयाँ नक्कली नेपाली नोट बरामद गरेको हो। यही अवधिमा १५ हजार २२० बराबरको भारतीय नक्कली नोट बरामद गरेको प्रहरीले जनाएको छ।

प्रदेशका सबै जिल्लाहरूबाट प्रहरीले नेपाली नक्कली नोट बरामद गरेको छ। त्यसमध्ये पनि चार जिल्लाबाट बढी नक्कली नोट बरामद भएको प्रहरी तथ्यांक छ। प्रहरीका अनुसार सबैभन्दा बढी रौतहटबाट २० लाख १६ हजार रुपैँया बरामद गरेको छ। बाराबाट १३ लाख ८९ हजार ५०० रुपैयाँ बरामद गरेको छ। पर्साबाट १ लाख ६४ हजार, सर्लाहीमा १६ हजार ८२० रुपैयाँ बरामद भएको प्रहरीको तथ्यांक छ। सोही अवधिमा प्रहरीले तीन जिल्लाबाट भारतीय नक्कली नोट पनि बरामद गरेको छ। सर्लाही, रौतहट र बाराबाट भारतीय नक्कली नोट बरामद भएको प्रहरीले जनाएको छ। प्रहरीले सर्लाहीबाट १३ हजार ३२०, बाराबाट १ हजार र रौतहटबाट ९ सय भारतीय नक्कली नोट बरामद गरेको हो।

गत वर्ष नक्कली नेपाली नोटसहित प्रदेशबाट एक जना महिलासहित ३८ जना पक्राउ परेका छन्। नक्कली नोटको कारोबारमा पक्राउ पर्नेमा रौतहट जिल्ला अग्रस्थानमा छ। उक्त जिल्लाबाट मात्र प्रहरीले १६ जनालाई पक्राउ गरिएको छ। त्यसैगरी, बाराबाट १२, सर्लाहीबाट ६ जना, पर्साबाट १ जना महिलासहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरीले त्यो वर्ष पक्राउ परेका एक जना महिलासहित ३८ जनामध्ये केहीमाथि मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान भइरहेको जनाएको छ। प्रहरीका अनुसार प्रदेशभरबाट १५ जनामाथि मुद्दा दर्ता भएको छ। सबैभन्दा बढी मुद्दा बारामा दर्ता भएका छन्। बारामा ५ जनामाथि प्रहरीले मुद्दा दर्ता गरेको तथ्यांक छ। प्रहरीका अनुसार सर्लाहीमा ४ जनामाथि मुद्दा दायर भएको छ। यस्तै रौतहटमा ४, पर्सा २ जनामाथि मुद्दा दायर गरी आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटकी प्रहरी नायव उपरीक्षक तथा प्रवक्ता एलिना गिरीका अनुसार नक्कली जाली नोटको कारोबार खासगरी हाट बजार, भिडभाड भएको पसल, तरकारी बजार लगायतमा बढी हुने गरेको छ। नक्कली नोटका कारोबारहरू प्रायः सानोसानो रकममा कारोबार हुने गरेको उल्लेख गर्दै उनले भनिन्, 'नक्कली नोटका कारोबारीहरू १ रुपैयाँको सामान खरिद गर्दा १ हजारको नक्कली नोट दिने र पसलेसँग बाँकीको ९ सय रुपैयाँ सक्कली लिने गर्छन्। यसरी फरक फरक व्यापारीलाई नक्कली साट्दै जान्छन्।'

बरामद हुने नक्कली नोटको रङ, पेपर, नोटको साइज, नोटको प्रिन्ट आदि सक्कलीभन्दा निकै फरक देखिने उनले बताइन्। उनले भनिन्, 'अनुसन्धानमा के पाइयो भने अधिकांश नक्कली नोट भारतमा प्रिन्ट भई विभिन्न गिरोहहरूमार्फत नेपाली बजारमा पठाइने गरिन्छ।' यता, मधेश प्रदेश प्रहरीका प्रवक्ता सुवाससचन्द्र बोहराले मधेशमा पछिल्लो समय नेपाली नक्कली नोट बढी बरामद भइरहेको बताए। उनले भने, 'पछिल्लो समय बरामद भइरहेका नेपाली नक्कली नोटलाई लिएर हामी पनि चिन्तित भएका छौं, यसका बारेमा अध्ययन गर्न विशेष टोलीले नै परिचालन गरिएको छ। खुला सीमाका कारण नेपाली नक्कली नोट बरामद भइरहेको बुझिएको छ।'

यसको नियन्त्रणका लागि बैग्लै रणनीति बनाएर काम गरिरहेको उनको भनाइ छ। यद्यपि चालु आर्थिक वर्षको एक महिनाको अवधिमा खासै नक्कली नोट बरामद नभएको र सो कारोबारमा संलग्न पनि पक्राउ नपरेको उनले बताए। बोहराले भने, 'पछिल्लो समय नक्कली नोटको कारोबार बढेको छ, तर चालु आर्थिक वर्षमा अलिअलि बरामद भएका छन्। तर, ठूलो परिमाणमा भने बरामद भएको छैन।' प्रदेश प्रहरी नक्कली नोटको कारोबार नियन्त्रण गर्नका लागि निरन्तर अनुगमनमा लागेको बोहराले जानकारी दिए।

राष्ट्रिय अर्थतन्त्रलाई नै धराशायी पार्ने गरी नक्कली नोटका कारोबारीले बजारमा जालो बिछ्याउन थालेपछि सुरक्षा निकायलाई चुनौती थपिएको छ। नक्कली नोटको कारोबार गर्ने, उत्पादन गर्नेलाई कडा कारबाहीको व्यवस्था कानुनमा गरिएको छ। मुलुकी अपराध संहिता २०७४ को दफा २५६ मा खोटा मुद्रा बनाउने काममा संलग्न भएमा खोटा मुद्राको परिमाण र मूल्य विचार गरी ५ वर्षदेखि १० वर्षसम्म कैद र ५० हजारदेखि १ लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ। प्रहरीले यस ऐनअन्तर्गत कारबाही चलाउँदै आएको छ। तर पनि नक्कली नोटहरू दैनिक रुपमा बरामद हुने गरेको पाइन्छ।

जनकपुरधामस्थित नेपाल राष्ट्र बैंकका निर्देशक माधव दंगालले पनि भारी मात्रा नक्कली नोट बरामद हुनु चिन्ताको विषय रहेको बताए। जाली नोटको विषयलाई नेपाल राष्ट्र बैंकले गम्भीरतापूर्वक लिएको उल्लेख गर्दै उनले भने, 'हामीले प्रत्येक ६/६ महिनामा बैंकरहरूलाई नक्कली नोटको पहिचान, टेलर सचेतनासम्बन्धी तालिम तथा सबै बैंकहरूमा अनिवार्य रुपले नक्कली नोट जाँच गर्ने मेसिन राख्न निर्देशन दिएका छौं। सबै बैंकले राखेका पनि छन्। तर, नक्कली नोटको कारोबार वित्तीय संघसंस्थाभन्दा पनि हाटबजार, पसल, तरकारी बजारलगायतमा भएको पाइन्छ।' 'विदेशहरूमा नोट सक्कली वा नक्कली हो भनेर पसलेहरूले पेन एक्सरे पेन राख्ने गर्छन्,' दंगालले भने, 'ती पेनले सक्कली नोटमा लेखिँदैन, भने नक्कली नोटमा लेखिन्छ। त्यसले सहज रूपमा नोट नक्कली हो कि सक्कली हो भनेर पत्ता लगाउन सकिन्छ।'

नक्कली नोट नियन्त्रण गर्नकै लागि आफूहरूले मोबाइल बैंकिङ, डिजिटल कारोबार गर्न सर्वसाधारणहरूलाई प्रोत्साहन गरेको उनले बताए। उनले भने, 'तर हाम्रो देशमा सबै साक्षर हुन सकेको छैन। तर त्यस कारण त्यो व्यवहारिक हुन सकिरहेको छैन।' नक्कली नोटको प्रिन्ट, कागजको क्वालिटी हेर्दा पढेलेखेका व्यक्तिले पनि सहज रुपमा नोटको पहिचान गर्न कठिनाइ हुने गरेको उनको भनाइ छ। उनले भने, 'यस्तो अवस्थामा सर्वसाधारणलाई जाली नोटसम्बन्धी तालिम दिए पनि हुँदैन।'

# कक्षा १२ का करिब ४० हजारले दिए पुनर्योगको लागि आवेदन

काठमाडौं, ४ भदौ। कक्षा १२ को नतिजामा चित्त नबुझेपछि करिब ४० हजार परीक्षार्थीले पुनर्योगका लागि निवदेन दिएका छन्। राष्ट्रिय परीक्षा बोर्डको परीक्षा नियन्त्रण कार्यालय (कक्षा १२) ले १८ साउनमा प्रकाशित गरेको नतिजामा चित्त नबुझाएका करिब ४० हजार जनाले पुनर्योग माग गर्दै आवेदन दिएका हुन्। पुनर्योगका लागि आवेदन दिने विद्यार्थी संख्या अहिलेसम्मकै धेरै रहेको परीक्षा नियन्त्रक (कक्षा १२) कृष्णप्रसाद शर्माले बताए। 'पुनर्योग गर्न आवेदन दिने विद्यार्थी संख्या अहिलेसम्मको भन्दा बढी हो, अनलाइनमा आवेदन दिन पाउने सुविधाका कारण धेरै भएका हुन्। जहाँबाट पनि आवेदन दिनसक्ने भएपछि सुविधा उपभोग गरे', उनले भने।

कार्यालयले २२ साउनसम्म आवेदन दिएका ७ हजार विद्यार्थीको पुनर्योगको नतिजा सार्वजनिक गरिसकेको छ। नतिजा अनुसार अहिलेसम्म ५५ जना को नतिजा परिवर्तन भएको छ। नियन्त्रक शर्माले भने 'अहिलेसम्म शिक्षकहरुले उत्तरपुस्तिकाबाट पोस्टिङ गर्दा गल्ती भएको देखिएको छ।' कार्यालयले नतिजामाथि चित्त नबुझे विद्यार्थीले पुनर्योगका लागि १ भदौसम्म अनलाइन आवेदन दिन आह्वान गरेको थियो। कक्षा १२ को परीक्षामा नियमिततर्फ तीन लाख ८५ हजार ६३२ सहभागीमध्ये एक लाख ८१ हजार ७८५ जनाले एनजी ल्याएका थिए। पुनर्योगमा पनि चित्त नबुझे विद्यार्थीले उत्तरपुस्तिका हेर्नका लागि आवेदन दिन सक्नेछन्। पुनर्योगको काम सकेपछि उत्तरपुस्तिकाको लागि आवेदन लिने र त्यही अनुसार काम थाल्ने नियन्त्रक शर्माले जानकारी दिए।

# टिकटकमाथिको प्रतिबन्ध खोल्ने सरकारको तयारी

काठमाडौं, ४ भदौ। सर्तहरू मान्न तयार भएपछि सरकारले सामाजिक सञ्जाल टिकटकमाथिको प्रतिबन्ध खोल्ने तयारी गरेको छ। नेपालको नीति नियम, गोपनीयताको सवाल र सामाजिक तथा सामाजिक सद्भावबारे गम्भीर रहेको र सर्तहरू पालना गर्ने प्रतिबद्धतापछि सरकारले टिकटकमाथिको प्रतिबन्ध खुलाउने तयारी गरेको हो। टिकटकको एशिया प्रशान्त कार्यालयले इमेल पठाएर सरकारका शर्त मान्न सकिने जनाएको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले जनाएको छ। सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङले सबै प्रक्रिया पुऱ्याएर प्रतिबन्ध फुकुवाका लागि टिप्पणी उठाउन कर्मचारीलाई निर्देशन दिइसक्नुभएको छ। मन्त्रिपरिषद्ले निर्णय गरेपछि टिकटक खुल्नेछ। गएको वर्षको कात्तिकमा तीन वटा ठूला दलको सहमतिमा प्रचण्ड नेतृत्वको सरकारले टिकटकमाथि प्रतिबन्ध लगाएको थियो।

# काजकिस्तानकी कालिनोभाले मधेस युनाइटेडबाट खेल्ने



काठमाडौं, ४ भदौ। इन्फिनिटी ड्रिम्सको आयोजनामा पहिलोपटक हुन लागेको महिला भलिबलको फ्रेन्चाइज लिग एभरेष्ट वुमन्स भलिबल लिग (इडब्लूभीएल)मा मधेस युनाइटेडले पहिलो विदेशी खेलाडी भित्र्याएको छ। काजकिस्तानकी अनुभवी खेलाडी कालिनोभा यभजिनियाले मधेस युनाइटेडबाट इडब्लूभीएल खेल्ने भएकी हुन्। उनी स्पाइकर पोजिसनमा खेल्नेछिन्। ३५ वर्षीया कालिनोभाले काजकिस्तानको राष्ट्रिय टिमका साथै काजकिस्तानको लिग खेलेको अनुभव छ। उनको उचाई १८० सेन्टिमिटर छ। कालिनोभाले मधेस युनाइटेडसँग अनुबन्ध भएकोमा खुसी व्यक्त गर्दै खेल्न उत्साहित रहेको बताइन्। "मधेस प्रदेशबाट पहिलो संस्करणको एभरेष्ट वुमन्स भलिबल लिग खेल्न म नेपाल आउँदैछु। मधेस युनाइटेडबाट खेल्दैछु। हाम्रो टिमलाई समर्थन गर्नुहोला।" मधेस युनाइटेडकी अपरेसन हेड संज्ञा श्रेष्ठले कालिनोभालाई मधेस टिममा स्वागत गर्दै उनको अनुभवले टिमको लागि धेरै फाइदा पुग्ने बताइन्। मधेस युनाइटेडको मार्की प्लेअरमा नेपाली राष्ट्रिय टिमकी स्पाइकर निरुता ठगुन्ना छिन्। यस्तै, नेपाली खेलाडीहरूको नाम पनि यसअघि नै सार्वजनिक भइसकेको छ। जसमा राष्ट्रिय टिमकी संगम महतो र शान्तिकला तामाङ तथा यू-२० टिमकी एलिशा मानन्धर र आशिका क्षेत्री छन्। यस्तै, हिरा केसी, पुजा थारु र जसना महतो पनि मधेस युनाइटेडको टिममा छन्। एभरेष्ट वुमन्स भलिबल लिगको पहिलो संस्करणमा ६ टोलीले सहभागिता जनाउनेछन्।

## वारी बस्ती...

कपडाको व्यापार गर्न कमला नदीको पश्चिमबाट मोटरसाइकल पुलमाथि राखेर सिराहा बजारमा पुगेको सुनाए। साउन २७ गते स्थानीयको समस्या समाधान गर्न सिराहाका स्थानीय इन्जिनियर प्रवीण यादवले सयौं युवासहित मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहसँग भेटेर एकसूत्रीय माग बुझाएको थियो।

**पुल निर्माणको सुरुवात**

४७० मिटर लामो र ११ मिटर चौडाइको पुल साढे तीन वर्षभित्रै सम्पन्न गर्ने गरी २०६८ मङ्सिरमा २४ करोड ९१ लाखमा पप्पु बिल्डर्स कन्स्ट्रक्सनले ठेक्का लिएको थियो। पटक पटक म्याद थप्दा पनि पुल निर्माण अघि नबढ्दा २०७५ सालमा हुलाकी मार्ग निर्माणका लागि वरिष्ठ लेखक रामरिझन यादवको नेतृत्वमा रिले अनशन गरेर दबाब सिर्जना गर्दा हुलाकी राजमार्ग निर्देशनालयले पप्पु कन्स्ट्रक्सनबाट ठेक्का तोडेर २०७६ असोज १ मा लुम्बिनी बिल्डर्स कन्स्ट्रक्सनसँग सम्झौता गरेको थियो।

२०७८ असार १३ भित्र सम्पन्न गर्ने गरी भएको सम्झौता अनुसार काम तीव्र गतिमा अघि बढ्यो। काम सम्पन्न भएर उद्घाटन गर्ने तयारी भइरहेको अवस्थामा २०७८ असार १७ गते आएको बाढीले पुलको पूर्वपट्टिको पाया भासिएको थियो। पश्चिमपट्टिको पायामा समेत असर परेको थियो। पुलको पुनर्निर्माणका लागि पत्रकार देवकुमार यादव र हुलाकी सडक निर्माण संघर्ष समितिका संयोजक रामरिझन यादवले स्थानीयको सहयोगमा दबाब दिएपछि पुल पुनर्निर्माणका लागि तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', पूर्वउपप्रधान चथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठ र पूर्वउपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले स्थलगत निरीक्षण गरेको थियो। त्यसपछि चाँडै पुलको पुनर्निर्माण हुने आश्वासन दिइए पनि काम सुरु नभएपछि स्थानीय चिन्तित र आक्रोशित देखिएका छन्।

## गाली गलौज र ...

घटना नदोहऱ्याउन र पत्रकार यादवलाई स्वतन्त्र एवम् निस्पक्ष ढङ्गबाट पत्रकारिता गर्न दिन अपील गर्दछौं।' प्रदेश अध्यक्ष राजेश कुमार कर्णद्वारा जारी विज्ञप्तीमा लेखिएको छ। अध्यक्ष कर्णले मंगलबार जारी गरेको विज्ञप्तीमा 'तनावपूर्ण वातावरणमा स्वच्छ र निस्पक्ष पत्रकारिता हुन नसक्ने र डर एवम् त्रासको मानसिकतामा पत्रकाहरुले पत्रकारिता गर्न समेत अप्ठ्यारो पर्ने भएकाले पत्रकारहरुको समाचार संकलन र सम्प्रेषण गर्न सक्ने वातावरण बनाउनका लागि राज्यका सम्पूर्ण सयन्त्रसँग माँग गर्दछौं।' उल्लेख गरिएको छ।

यादवले गत साउन २३ गते न्यूज कारखाना र प्राइम टेलिभिजनमा नगरस्तरीय योजनाबाट खानेपानीको लागि वोडिङ जडान कार्यमा उपभोक्तासँग अवैध रुपमा रकम असुलेको समाचार लेखेका थिए। जुन विभिन्न सञ्चारमाध्यमहरुले प्रकाशन गरेका थिए। समाचारमा वडा अध्यक्षहरुकै सक्रियतामा व्यक्ति परिचालन गरी अवैध रुपमा एक थान बोरिङ जडान गरेवापत् ३० देखि ४० हजार रकम असुल गरेको उल्लेख गरिएको छ। प्रकाशित समाचारको विषयलाई लिएर नगर प्रमुख महतोले समाचार तुरुन्त डिलिट गर्न दवाव दिँदै धम्कीपूर्ण भाषा प्रयोग गरेको थियो। उनले फोनबाट तत्काल समाचार हटाउन दवाव दिँदै यस्तो समाचार लेखरहे जे पनि हुनसक्ने भन्दै धम्क्याएका थिए।

## ५ सय ३९ वटा

अर्घाखाँची, गुल्मी र बर्दियामा शतप्रतिशत विद्युतीकरण भएको छ। बाँकी जिल्लामा ९५ प्रतिशतभन्दा बढी विद्युतीकरण गरिएको छ।

कर्णाली प्रदेशको रुकुम पश्चिममा सबैभन्दा बढी अर्थात् ९५ दशमलव ०८ प्रतिशत र मुगुमा सबैभन्दा कम अर्थात् ३१ दशमलव ८० विद्युतीकरण भएको छ। सुर्खेतमा ८६ दशमलव ४८, दैलेखमा ८१ दशमलव ०५, सल्यानमा ७९ दशमलव ५०, जाजरकोटमा ४९ दशमलव ८०, कालीकोटमा ७० दशमलव ९६, जुम्लामा ६२ दशमलव ४७, डोल्पामा ४२ दशमलव ७५ र हुम्लामा ३२ दशमलव ५१ प्रतिशत विद्युतीकरण गरिएको छ। सुदूरपश्चिम प्रदेशका नौ वटा जिल्लामध्ये कञ्चनपुर र कैलालीमा शतप्रतिशत विद्युतीकरण भएको छ। बाजुरामा सबैभन्दा कम ३३ दशमलव ५१ प्रतिशत मात्र विद्युतीकरण भएको छ। डडेल्धुरामा ९४ दशमलव ०८, डोटीमा ८८ दशमलव ०४, अछाममा ६५ दशमलव ९७, बैतडीमा ६१ दशमलव ७३, बझाङमा ६९ दशमलव ०३ र दार्चुलामा ८४ दशमलव ०१ प्रतिशत विद्युतीकरण भएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)